## आयोजनाहरुको मासिक प्रगति विवरण (फागुन)

| | | |
|---|---|---|
| आयोजनाको नामः भेरी ववई डाइभर्सन वहुउद्देश्यीय आयोजना, वीरेन्द्रनगर, सुर्खेत । | वजेट उपशीर्षक नं.: ३०८०३१२० | आर्थिक वर्षः २०८२/०८३ |
| आयोजनाको शुरु वर्षः आ. व. २०७१/७२ (निर्माण शुरु) | आयोजनाको सम्पन्न हुनुपर्ने वर्षः आ. व.: २०८७/८८ | |

आयोजनाको शुरु लागतः रु. ३३ अर्व १९ करोड ६६ लाख ४२ हजार मात्र (बाँध तथा पावरहाउस, हाईड्रोमेकानिकल तथा ईलेक्ट्रोमेकानिकल एवं ववई मानखोला डाईभर्सन आयोजना सम्बन्धी कार्य लगायतका थप कार्यहरुको लागत समावेश समेत)

| | | | |
|---|---|---|---|
| | भौतिकः | वित्तीयः | |
| आयोजनाको समष्टिगत प्रगति प्रतिशतः | ६९.७१ | ६९.६६ | (कुल सम्झौता रकमको आधारमा) |
| | | ५६.५७ | (खरिद गुरुयोजनाको कुल लागतको आधारमा) |
| वार्षिक लक्ष्यको तुलनामा प्रगति प्रतिशतः | भौतिकः ५०.००% | वित्तियः ४४.४१% | |

### तालिका १ः आयोजनाको क्रियाकलापगत भौतिक प्रगति

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | ईकाई | वार्षिक लक्ष्य | फाल्गुन महिना सम्मको लक्ष्य | फाल्गुन महिनाको भौतिक प्रगति | फाल्गुन महिनासम्मको भौतिक प्रगति | शुरुदेखि फाल्गुन महिनासम्मको समष्टिगत भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिभिल निर्माण कार्य | | | | | | | |
| क | हेडवर्क्सको सिभिल निर्माण कार्यको थप १०% सम्पन्न गर्ने (गत आ. व. सम्ममा सम्पन्न ८०%) | प्र. श. | १० | ८६.० | ०.०५ | ८१.१० | ८१.१० | बेशलाइन डाटा अनलाइन प्रविस्ट गर्दा त्रुटी हुन गएकोमा यसअघि त्रुटी सच्याई पेश गरिएको छ । |
| ख | पावरहाउसको सिभिल निर्माण कार्यको थप १६% सम्पन्न गर्ने (गत आ. व. सम्ममा सम्पन्न ७४%) | प्र. श. | १६ | ८३.० | ०.०१ | ७५.७५ | ७५.७५ | |
| २ | हाइड्रोमेकानिकल सम्बन्धी कार्यको थप २०% निर्माण कार्य सम्पन्न गर्ने (गत आ. व. सम्ममा सम्पन्न ६५%) | प्र. श. | २० | ७८.० | ०.२० | ७२.३० | ७२.३० | |
| ३ | इलेक्ट्रोमेकानिकल सम्बन्धी कार्यको थप २०% निर्माण कार्य सम्पन्न गर्ने (गत आ. व. सम्ममा सम्पन्न ६५%) | प्र. श. | २० | ७८.० | ०.१० | ७२.६० | ७२.६० | |
| ४ | विद्युत प्रशारण लाईन सम्बन्धी ई. आई. ए. अध्ययन कार्य सम्पन्न गर्ने (गत आ. व. सम्ममा ५% सम्पन्न) | प्र. श. | ९५ | ०.० | ०.०० | १५.५५ | १५.५५ | |
| ५ | बाँध निर्माण स्थलको जलाशययुक्त क्षेत्रमा पर्ने करिव २२.८१ हे. जग्गा मध्ये ३ हे. ऐलानी जग्गा प्राप्त गर्ने (गत आ. व. सम्ममा १५.७९ सम्पन्न) | हे. | ३.०० | ०.० | ०.०० | १५.७९ | १५.७९ | |
| ६ | ववई-मान खोला डाईभर्सन आयोजनाको ई. आई. ए. अध्ययन कार्यका लागि परामर्श सेवा खरिद तथा सम्झौता गर्ने | प्र. श. | १०० | ०.० | ०.०० | ०.०० | ०.०० | |

### तालिका २ः फागुन महिनासम्मको ठेक्का सम्बन्धी विवरण

| ठेक्का स्थिति | संख्या | रकम रु करोड | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| कुल ठेक्का लगाउनु पर्ने | ० | | | आयोजनाको मुख्य मुख्य ठेक्काहरु अघिल्ला आर्थिक वर्षमा लागेर हाल निर्माणाधिन अवस्थामा रहेको छ भने ववई-मान खोला डाईभर्सन आयोजनाको विस्तृत संभाव्यता अध्ययन गर्ने कार्य सम्पन्न भई हाल EIA अध्ययन सहमतिको चरणमा छ । |
| ठेक्का लागेको | ० | | | |
| मुल्यांकन भैरहेको | ० | | | |
| सूचना प्रकाशन भैसकेको | ० | | | |
| सूचना प्रकाशन समेत हुन बाँकी रहेको | ० | | | |

### तालिका ३ः समस्या सम्बन्धी विवरण

| क्र. सं. | कार्ययोजना अनुसार सम्पन्न हुन नसकेका कार्यहरु | सम्पन्न हुन नसक्नुका कारणहरु | समाधानका लागि गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|---|
| १ | हेडवर्क्स तथा पावरहाउसको सिभिल निर्माण कार्य | काबु वाहिरको परिस्थितिवश तत्कालीन परामर्शदाताको सेवा विचमै रद्द गरि नंया प्रकृयामा जानु परेकोले आवश्यक डिजाईन तथा ड्रईंगसहहरु परामर्शदातावाट समयमा प्राप्त हुन नसक्नु, निर्माण व्यवसायीद्वारा पुर्ण र आवश्यक मात्रामा श्रोत परिचालन हुन नसक्नु। ठेक्काको शुरु वर्षमै कोभिड १९ को कारण कार्यप्रगति हुन नसक्नु तथा वाढी, अन्य प्राकृतिक प्रकोपहरुको प्रभाव आयोजनामा आवश्यक संख्यामा विषयगत अनुभवी कर्मचारीहरुको अभाव, वजेट व्षवस्थापन जस्ता कारणहरु मुख्य हुन। यस प्रकारको आयोजनाका लागी विभागको संस्थागत अनुभवको कमी, र स्वदेशी वजारमा डिजाईन लगाएतका कार्यका लागी प्राविधिक क्षमता समेत यथेष्ट रुपमा प्राप्त गर्न कठिनाई रहेको, यसका साथै उपलव्ध जनशक्तिको क्षमता विकासका अवसरहरु नभएको र यस प्रकारको विकट क्षेत्रको राष्ट्रिय चासोको ठूलो आयोजनामा कार्यरत कर्मचारीका लागी प्रोत्साहन एवं उत्प्रेरक तत्वको अभाव समेत अप्रत्यक्ष कारण रहेको । निर्माण व्यवसायीले दावी वमोजिमको भुक्तानी नपाएको डिजाईन ड्रईंगहरु उपलव्ध हुन नसेकोले कामलाई निरन्तरता दिन कठिनाई रहेको भनि कार्य निलम्वन गर्नसक्ने आशयको पत्र | तत्कालै परामर्शदाता कम्पनी छनौट गर्न समय लाग्ने भएकोले जि टु जि प्रकृया मार्फत परामर्शदातासंग सम्झौता गरि कार्य निरन्तरता दिने प्रयास गरिएको। वजेट र जनशक्ति व्यवस्थापनका लागी विभाग तथा मन्त्रालयमा अनुरोध गरिएको। ईन्टरफेस समन्वय तथा कार्यप्रगतीलाइ गति दिन सिभिल निर्माण व्यवसायीलाई पटक पटक आग्रह र सहजीकरण गरिएको। परामर्शदाता कम्पनीसंग निरन्तर समन्वय गरि आवश्यक सहजीकरणका साथै कार्यलाई तिव्रता दिन वारम्वार ताकेता गरिएको ।स्थानीयस्तरमा आउने सवै खाले विवाद तथा जनगुनासोहरुलाई आयोजनास्तरमै समाधानका विभिन्न प्रयत्नहरु गरिएको। उपलव्ध वजेट र जनशक्तिको अधिकतम उपयोग गर्ने नीति अवलम्वन गरिएको ।माघ महिनामा गुरुयोजना अद्यावधिक गरि स्विकृत गराईएको।परामर्शसेवाका लागी स्रोत सुनिस्चितताको लागी पहल गरिएको।सिभिल ठेकदार कम्पनीको चाईनिज पार्टनरसंग समन्वय गरिएको। वाकी रहेका डिजाईन ड्रईग प्राप्त गर्न । आयोजनाका अवस्था र प्रगतीका ढिलाई वारे विभाग र मन्त्रालयमा निरन्तर जानकारी तथा अनुरोध गरिएको। परामर्शदातासंग छलफल तथा माईन्युट गरि | परामर्शदातावाट यथाशिघ्र वाकी कार्यहरु सम्पन्न गराउनुपर्ने। सिभिल निर्माणको निर्माण व्यवसायीलाई कार्य रफ्तार वढाउन वाध्य गराउनुपर्ने। ईन्टरफेसका मामिलाहरुको तत्काल आपसी समन्वय र निराकरण । विषयगत अनुभवी जनशक्ति परिचालन र वजेट व्यवस्थापन। कर्मचारीको क्षमता विकास तथा उत्प्रेरणा ।सम्वन्धित निकायहरुवाट आवश्यक सहयोग र समयमै समन्वय । |
| २ | हाइड्रोमेकानिकल सम्वन्धी कार्य | ईन्टरफेस समन्वय गर्नुपर्ने भएको र सिभिल निर्माणका कार्यमा ढिलाई एवं परामर्शदातावाट पाउनुपर्ने सेवाहरु समयमा प्राप्त हुन नसक्नु। | | |
| ३ | ईलेक्ट्रोमेकानिकल सम्वन्धी कार्य | ईन्टरफेस समन्वय गर्नुपर्ने भएको र सिभिल निर्माणका कार्यमा ढिलाई एवं परामर्शदातावाट पाउनुपर्ने सेवाहरु समयमा प्राप्त हुन नसक्नु। विषयगत कर्मचारीको अभाव। | | |
| ४ | ववई-मान खोला डाईभर्सन आयोजनाको विस्तृत अध्ययन गर्ने कार्य | आयोजना संरक्षण क्षेत्रमा प्रस्तावित रहेको र जसका लागी वातावरणीय अध्ययनका कार्यहरु संचालन गर्नका लागी सम्वन्धित निकायमा समन्वय गर्नुपर्ने भएकोले । | | |

आयोजना प्रमुखको नाम र सम्पर्क नम्बरः हरि दत्त पौडेल (सम्पर्क नम्बरः ९८५८०३९५५०)

प्रतिवेदन तयार गर्ने कर्मचारीको नाम र सम्पर्क नम्बरः हरि बहादुर थापा (सम्पर्क नम्बरः ९८५८०७८७८१)